CC-0. In Public Domain. Digitization by eGangotri

पिनासको कथा



रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

श्रीगणेशाय नमः
CC-0. In Public Domain. Digitization by eGangotri

पीनासको कथा

संस्कृतम्

सूत उवाच-

अथ पूरपटो नाम ग्राम आसीत् क्वचिद्दिशि।
तत्रासीत् तृणसन्दोहः सर्पयोस्तत्र नीडकम्।।१।।
बहवः शिशवस्तत्र तयोरासन् सुदुर्बलाः।
गोमहिष्यादिभिस्तेषां ग्रामीणैर्ध्वंसितं कुलम्।।२।।
ततः सर्पौ सुदुःखार्तावन्योन्यं तौ विलेपतुः।
चिराद्धैर्यं समालभ्य सम्मतिं चक्रतुश्च तौ।।३।।

सर्प उवाच-

ग्रामीणैर्नः कुलं सर्वं ध्वंसितं चरवर्णिनि!
आवाभ्यां चैव ग्राम्याणा ध्वंसनीयं कुलं महत्।।४।।
इति कृत्वा मतिं तौ तु जग्मतुर्गोष्ठमन्दिरम्।
दधिभाण्डेषु सर्वेषु विषं तत्यजतुश्च तौ।।५।।
पीत्वा तद्दधि ते सर्वे ग्राम्या हलाहलाकुलाः।
निःसंज्ञा हस्तपादादिर्निःक्षिपन्ति इतस्ततः।।६।।
पेतुः पृथिव्यां युगपद् विषज्वालासमाकुलाः।
नासारोगेण ते सर्वे विनाशा पूयसङ्कुलाः।।७।।
पञ्चत्वमागताः सर्वे गरलानलपीडिताः।
तत्रान्तरे महाप्राज्ञोऽनिरुद्धो नाम ब्राह्मणः।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चत्वमागतान् दृष्ट्वा ग्रामीणानतिविस्मितः।
स तद्दधि समादाय जगाम चिपिटं तथा।।९।।
व्रजन्नग्रे ददर्शाथ बाणगङ्गां सुनिर्मलाम्।
तत्तीरं समनुप्राप्य क्यामुन्यं द्रुममास्थितः।।१०।।
तस्मिन् द्रुमे स चिपिटं स्थापयामास तद्दधि।
स्नानाय तज्जले नद्याः स विवेश महामतिः।।११।।
तत्रान्तरे महाक्रूरश्चाण्डालो जसुनामकः।
कश्चित् जिहीर्षया दध्नः समायातः सुदारुणः।।१२।।
दधि तच्चिपिटं चैव स चाण्डालः समाययौ।
तस्मिन्दध्नि तच्चिपिटे वचः शुश्राव सर्पयोः।।१३।।

सर्पावूचतुः-

आवाभ्यां ध्वंसिताः सर्वे कोऽयं विप्रः समागतः।
चिपिटं दधिसंयुक्तं नौ विषेण समाकुलम्।।१४।।
यथा सोऽत्स्यति पञ्चत्वं गमिष्यति न संशयः।

सूत उवाच-

इत्याकर्ण्य तयोर्वाक्यं चाण्डालः समचिन्तयत्।।१५।।
सर्पाभ्यां नाशितं चेदं न मया न द्विजेन च।
भोक्तव्यं चिपिटान्नं च दधि चापि विषाकुलम्।।१६।।
इति सञ्चिन्त्य मनसा चाण्डालो द्विजमब्रवीत्।
भोभो ब्राह्मणदायाद! सर्पाभ्यां नाशितं दधि।।१७।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न भोक्तव्यं त्वया ब्रह्मन्! मया च द्विजपुङ्गव!
इत्याकर्ण्य वचस्तस्य चाण्डालस्य द्विजोत्तमः।।१८।।
अग्निं दध्मौ तदा तत्र स्थापयामास तद्दधि।
ततः सर्पौ समायातौ भयविह्वलमानसौ।।१९।।

सर्पावूचतुः-

रक्ष रक्ष द्विजश्रेष्ठ! जिह्मगौ कुटिलौ विभो!
जात्याधमौ विषयुतौ दुरात्मानौ द्विजोत्तम।।२०।।

सूत उवाच-

इत्युक्तः स भुजङ्गाभ्यां विप्रेन्द्रः करुणानिधिः।
बाणगङ्गां द्रुमं चैव चाण्डालं च पृथक् पृथक्।।२१।।
साक्षिणः कारयामास वचनं चेदमब्रवीत्।

ब्राह्मण उवाच-

एते द्रुमादयः सर्वे साक्षिणः स्थापिता मया।।२२।।
यत्रास्माकं नरो गाथां कीर्तयेच्छृणुयादपि।
सत्येनैषां द्रुमादीनां त्वस्माकं च विशेषतः।।२३।।
नासारोगसमाग्रस्तो नरो मुच्येत रोगतः।
रोगाच्चलितनासोऽपि प्ररूढनासिको भवेत्।।२४।।

सूत उवाच-

सन्ति यद्यपि शास्त्रोक्ता ओषध्यो गिरिकानने।
तथाप्येतत्कथायास्ताः कलां नार्हन्ति षोडशीम्।।२५।।

इति श्रीस्कन्दपुराणे पीनासरोगहरोपाख्यानं समाप्तम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीनासको सानू कथा

अनीरुद्र पाँडे भनी नाम् भएका।
थिए कोहि पाटन् नगर्मा बसेका।।
अनीरुद्रजीका त्यसै गाउँ नेरै।
बसेका रहेछन् पनी सर्प धेरै।।१।।

अनेकौं त्यहाँ सर्पका फूल थीए।
अनीरुद्रका वस्तुले कुल्चि दीए।।
विलाप् गर्न लागे सबै सर्प-जाति।
उठ्यो रीस तिन्को अनीरुद्र माथि।।२।।

दिउँ वीष गोरस् विषे मर्छ खाई।
भनी सर्पले मत् गरेछन् रिसाई।।
गए सर्पहेरू पुगे गोठ् छ जाहाँ।
विष छाडि दीए दही-ठेकि माहाँ।।३।।

सबै प्राणि गोरस् पिई मर्न लागे।
दही-चीउरा ली अनीरुद्र भागे।।
पुगे बाणगङ्गा अती दुःख पाई।
तयार हुन लागे नहाऊनलाई।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहीं क्यामुनाका रुखैका खुटीमा।
दही-ठेकि झुण्ड्याइ गए ती नदीमा।।
अनीरुद्रजीका पछी साँप् गएछन्।
विषै छोड्नलाई दहीमा पसेछन्।।५।।

जहान् मारि आयौं दहीका विषैले।
अनीरुद्र पाँडे पनी मर्छ ऐले।।
कुरा यी दहीमा गरे साँप्हरूले।
दही चोर्न जाँदा त चाण्डाल जसूले।।६।।

सुनी सब् नछोई अनीरुद्र जाहाँ।
सरासर वहाँ गै सुनाएछ ताहाँ।।
जसूले कहेको कुरा मानि आए।
दही-ठेकि आगो फुकी खुब् तताए।।७।।

भने साँप्हरूले अनीरुद्र छेऊ।
कसूर् माफ राखी शरण् आज लेऊ।।
अनीरुद्र भन्छन् म वाचा बँधाई।
इनै साछि राखेर छोड़छू तँलाई।।८।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसै गर्न लागिस् भने फेरि मेरो।
उछित्तो गराई दिनेछू म तेरो।।
खबर्दार साछी पिनास्का कथाको।
जसू बाणगङ्गा अनीरुद्र आगो।।९।।

रुखै क्यामुनाको छ साछी गुहाई।
पिनास्को जरो स्मेत् भयो दुर्दुहाई।।
तिनै फेर चुट्की बजाएर गन्नू।
दुहोलो दुहोलो दुहोलो त भन्नू।।१०।।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीनासको ठूलो कथा

गौरी गणेश् गुह हरी शिवलाइ ढोगी।
स्कन्दै पुराणहरुको म प्रमाण तोकी।।
पीनासको उहि कथाहरू पुरा कहन्छू।
पैल्हे उठान भयको शिवदेखि भन्छू।।१।।

कैलाशबाट शिव पार्वति आदि सीत।
बीदा भई हिंडिगए नरलोक तीर।।
संसार्-चरित्र बुझि आउँदछू भनेछन्।
एक्लासदाशिवजिका बहु दिन् बितेछन्।।२।।

सब् तीर्थमा त डुलदा भुलदा जगत्मा।
दिक्दार् भइन् गिरि-सुता रहँदा फगत्मा।।
श्रीशम्भुलाइ लिन नन्दिजिलाइ डाकिन्।
हाजिर् भए उहि कुरा सब भन्न लागिन्।।३।।

हे नन्दि! तीमि शिवजीकन डाक्न जाऊ।
त्यै मर्त्यलोक् तिर हुनन् लिइ झट्ट आऊ।।
यस्ता ति पार्वतिजिका वचनै सुनेर।
नन्दी हवस् भनि उठे ति गए, पुगेर।।४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् सदाशिवजिथ्यैं प्रभुलाइ पाएँ।
कैलाशबाट लिनलाइ भनेर आएँ।।
जाँला अलिक् दिनपछी भनि रूखमाहाँ।
बाँधी दिए शिवजिले वृषलाइ ताहाँ।।५।।

श्री शम्भु आउनु भएन भनी दिनाले।
सिंहै पठाइ दिनुभो शिवकी प्रियाले।।
आएछ सिंह लिनलाइ भनेर हेरी।
बाँधे सदाशिवजिले त्यहिं सिंह फेरि।।६।।

साँढे र सिंह घुरि खेलि रहे सिङौरी।
कैलाशमा खबर गो र रिसाइ गौरी।।
हात् काखिमा घसि मयल् झिकि मूर्ति पारिन्।
नाम् ता 'पिनास' त्यसको भनि झट्ट राखिन्।।७।।

सर्पै सरी भइ पिनास खड़ा भएर।
के काम सृष्टि गरि बक्सनुभो भनेर।।
भन्दा ति पार्वतिजिले अब हे पिनास।
नाक्मा पसेर शिवको गरिदे विनाश।।८।।

यस्ता वचन् सुनि हवस् भनि गो सरासर।
नाक्मा पस्यो शिवजिको छिक भो बराबर।।
आधा कपाल् दुखि निधार् पनि चर्कनाले।
कीरा परीकन पिडा दिइ बल्कनाले।।९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाके कुरा भई सुकीकन नाक गल्दा।
नाक श्वास् गह्रायर त लीवरि खस्न लाग्दा।।
हा हा पऱ्यो शिवजिलाइ घुमे ति कन्दै।
कैलाश सम्झिकन मेरि पियारि भन्दै।।१०।।

नन्दी चढी शिवजि पार्वतिका नगिच्मा।
जाँदा भए अति विनास् भइ तेस बिच्मा।।
आज्ञा भयो शिवजिको अब हे पियारी!
यो नाक झर्न नदिई गरिद्यौ तयारी।।११।।

नाक्को व्यथा हुन गयो अति दुःख पाएँ।
खप्नै सकीनँ र म ता तिमि सम्झि आएँ।।
भन्छिन् ति पार्वति प्रभो! वृष सिंहलाई।
मैले पठायर पनी प्रभु ह्याँ न आई।।१२।।

भुल्नू भयो र कर काखिमहाँ घसेर।
मैले मयल् झिकि पिनास् भनि नाम् धरेर।।
छोडेकि हूँ उहि पिनास् यहि हो अघोर।
छोड़दीन पार्वति भनी गरनोस् कबोल।।१३।।

झार्छू भनिन्, लउ भने, दुइ हात थापिन्।
निक्ली पिनास्! जब भनिन् गिरिगो र राखिन्।।
पीनासले बसुँ कहाँ भनि अड्डि लीयो।
हे पार्वती! बहुत कष्ट मलाइ दीयो।।१४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् : सदाशिव उसै अब हे पिनास!
तैंले नगर्नु जनको बहुतै विनाश।।
छिक्का पियारि लिइ जा अनिरुद्र देश।
सन्तान् बढायर बिगार् नगरी बसेस।।१५।।

यस्तो वहाँ शिवजिको वरदान पाई।
आयो पिनास अनिरुद्रजि देश धाई।।
जूठ्यानमा घर बनाइ बस्यो निशङ्क।
रूघा र खोकि दुइ पुत्र भए ति चङ्ग।।१६।।

एक् दीन ता ति अनिरुद्र कि पत्निले मन्-
तातो त पानि लि जुठ्यान्तिर फालिदीछन्।।
रूघा र खोकि खुइली कन प्राण छाडे।
पीनास् रिसाइकन हे अनिरुद्र पाँडे।।१७।।

तेरी खराब् दुलहिले दुइ पुत्र मेरा।
मारी वृथा उसइले अब हेर् त तेरा।।
जाहान् समेत अब मार्दछु छुट्टि विष्ले।
भन्दा भए छिक पिनास् दुइ दम्पतीले।।१८।।

पाटन्पुरै नगरका अनिरुद्र देश्मा।
लाए ति सर्पहरुले गुँड ढाकि तेस्मा।।
गाई र भैंसिहरु खूब् अनिरुद्रजीका।
थीए ति सर्पहरुको फुल कुल्चिदींदा।।१९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिस्‌ले प्रचण्ड भइ सर्पहरू त आई।
चुक्ली गरे उहि पिनास्‌सित बिन्ति लाई।।
पीनासलाइ सुतको अति शोक थीयो।
दूध् चीनिमा बसुँ भनीकन सूर लीयो।।२०।।

छोरा जगाइ दुनियाँ कन सब् लगायो।
रूघा र खोकि र जरो सबलाइ आयो।।
खाए दही दुध चिनी जब भो पिनास।
बीरूप भैकन शहर् भरि भो विनाश।।२१।।

हे आमा-बाबु! भन्दै लडि-लडि त सबै हातले नाक माडी।
खोक्छन् क्वै सास् नफेरी घरि-घरि दिनरात् रोइ धेर् आँसु काढी।।
हाच्छू, हाच्छू र ठ्याँ-ठ्याँ गरिकन रहँदा पुर्पुरा हात लाई।
सबूका नाक् बन्द हूँदा अति फजिति भयो दूध्-चिनी स्वादपाई।।

छाती दुखी अरुचि भैकन देह गाल्दा।
आँखीभुइँ झमझमायर खस्न लाग्दा।।
नाक्मा मसीनु खटिरा भइ सास् गह्रायो।
बास्ना नपाइकन कञ्चट भार् गरायो।।२३।।

च्यापू वरीपरि सबै अउँसा परेर।
प्वाल् पारि भित्र तिरको लिवरी झरेर।।
नाके कुरा भइ रगत् बगि पीप खस्ता।
आधा कपाल् दुखि पिडा दिइ नाक बस्ता।।२४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँडेजिका सब जहान् यमलोक लागे।
च्यूरा दही लिइ विदेश् अनिरुद्र भागे।।
पुग्दा भए तिनि सरासरि बाणगङ्गा।
न्वाहेर खान्छु त भनी ति भए त नङ्गा।।२५।।

एक् क्यामुना रुख थियो दहि-ठेकि लीई।
झुण्ड्याइ न्वाहुन गए अनिरुद्रजी ई।।
जालास् कहाँ अब त हे अनिरुद्र पाँडे।
तेरा जहान सब ध्वस्त गरेर छाडें।।२६।।

माछू तँलाइ पनि विष् दहिमा म छोडी।
भन्दै पिनास पसिगो बिरको त तोडी।।
चाण्डाल् जसू नजिक गै सब बात् सुनेछ।
देखेछ ताजुब भई मनमा गुनेछ।।२७।।

पाँडे नुहाइ जब पाठ् गरि खान लाई।
ठेकी झिकौं भनि गए जसुले त आई।।
वृत्तान्त त्यो कहिदियो अघि जो भएको।
मिल्यो कुराहरु सबै घरमा गरेको।।२८।।

आगो फुकेर भुङराँ गइ राख ठेकी।
पीनास मर्दछ कि ता उड़ि जान्छ शेखी।।
भन्दा उसै गरि दिए अनिरुद्रजीले।
लाग्यो कराउन पिनास् अघि जो मईले।।२९।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रा रछान् मनि जहान्हरु ली म बस्थें।
तिम्रै सिङान र खकार्हरु खाइ रन्थें।।
तिम्रा जहानहरुले लिइ पानि तातो।
फ्याँक्ता मरे सब जहान् खुइलेर पातो।।३०।।

त्यै रीसले चरणका सब मारि जाहान्।
आएँ शरण लिनुहवस् अभयै दिनोस् दान्।।
बीगार गर्दिन प्रभो! अबदेखि कत्ती।
ख्वाम्रित् क्षमा गरनुहोस् अपराध जत्ती।।३१।।

पीनासका यति कुरा सुनि फेरि पाँडे।
बाचा गरीकन म छाड़दछु भन्न लागे।।
बाचा भयो अब त नाघि गइस् त फेरी।
हत्याहरू तँकन लाग्दछ जान् तँ हेरी।।३२।।

साछी जसू छ पहिला नगरेस दङ्गा।
ठेकी छ साछि अनिरुद्रजि बाणगङ्गा।।
छन् अग्नि साक्षि बुझिले रुख क्यामुना ई।
दूहाई भो भनि दिनू चुटकी बजाई।।३३।।

पीनासलाइ दहिबाट निकालि दीए।
पाँडेजिले पनि स्वदेश् तिर कूच लीए।।
पीनासको अब यहाँ भइगो दुहाई।
बीगार् गर्‍यो यदि भने यति छन् गुहाई।।३४।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ले पिनास भयमा इ कथाहरू सुन्ला।
आराम् भएर सुखपूर्वक देश घुम्ला।।
जस्ले मुखाग्र गरि घोक्तछ यै कथाहा।
पीनास् कदाचित भए पनि हुन्छ स्वाहा।।३५।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

पीनासको कथा

श्रीगणेशाय नमः। कैलाशमा महादेव-पार्वती बसेका रहेछन्। महादेवले- 'हे पार्वती! मर्त्यलोक जमाएथें, त्यो कस्तो भयो? नागलोकमा पनि खूब अश्वमेध-यज्ञ र नाच-कीर्तन हुनलागेको छ भन्ने सुन्दछु। मर्त्यलोक पनि जानुपऱ्यो, नाच हेर्न मलाई बहुत इच्छा लाग्यो, हिंड जाऊँ' भने। 'हे ईश्वर! म किन जाउँ, हजुरमात्र पाल्नुहोस्'- भनी पार्वतीले बिन्ती गर्दा श्रीमहादेव एक्लै नागलोक जाँदा भए। त्यहाँबाट मर्त्यलोकमा आएर मर्त्यलोक जमाएको हेरी विचार गरे। नाच-कीर्तन हेर्नको साह्रै इच्छा हुँदा नाच-कीर्तन हेर्नलागे। हेर्दा हेर्दै नरलोकमा धेरै दिनसम्म भुली कैलाशमा नपुग्दा, महादेवजी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन आऊनु भएन, कसो भयो, के कामले भुल्नु भयो? महादेवलाई चाँडै डाकी ल्याउ भनी पार्वतीबाट गौरी-गाईलाई आज्ञा हुँदा हवस् भनी गौरीगाई नरलोक पुगी महादेवसित भेट गरी 'हे प्रभू! कैलाशबाट पार्वतीले चाँडै महादेवलाई डाकी ल्याउ भनी आज्ञा हुँदा म आएकी हुँ' भनी बिन्ती गरिन्। महादेवजीले 'बढिया भयो संगै जाउँला' भनी गौरी-गाईलाई बाँधिदिनु भयो। आफू कैलास नजाँदा पार्वतीबाट रिसानी भएर बाछालाई लिन पठाउनुभयो। बाछो नरलोकमा महादेवका समीप पुगी- 'हे प्रभू! गौरीगाईले ल्याउनसकीनन्, तिमी महादेवलाई कैलाशमा डाकी ल्याउ भनी पार्वतीबाट हुकुम हुँदा म आएको हुँ' भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिन्ती गरे। गौरी-गाई आइन्, तिमी पनि आयौ बढिया भयो, साथै जाउँला भनी बाछालाई पनि बाँधिदिए। आफू मर्त्यलोकमै भुले, फेरि पार्वती रिसाएर 'हे सिंह! अब तिमी जाऊ' भनी कुरा सिकाई पठाइन्। सिंह नरलोकमा महादेवका अगाडि पुगी- 'हे प्रभू! कैलाशबाट पार्वतीले गौरी-गाई, बाछालाई लिन पठाएको उनीहरू समेत अझ आएनन्, अब तिमी गएर महादेवजीलाई चाँडो ल्याऊ' भनी अह्राउँदा आएको हुँ, भन्दा बेस भो गौरीगाई र बसाहा पनि आएकै छन्, तँ पनि आइस्, अब सँगै जाउँला भनी सिंहलाई पनि बाँधिदिनुभो। सिंह नफर्केकोले पार्वतीले अब महादेव हत्तपत्त आउनुहुन्न, केही पीडा दिए जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउनुहोला भन्ने बिचार गरी काखीको रौं उखेली पीनास बनाई पीनास खडा हुँदा- "हे पीनास! तिमी नरलोकमा जाऊ र महादेवको नाक भित्र पसी पीडा देऊ तब महादेव यहाँ आउनुहोला" भन्दा हवस् भनी पीनास नरलोकमा पुगे। महादेवका नाक भित्र पसी पीडा दिन लाग्दा महादेव आत्तिएर गाउँले वैद्य खोजी ओखती गर्दा पनि नीको भएन। वैद्यले 'यो कठिन रोग हो, नाक झर्ला भनेजस्तो देखिन्छ। हामीबाट यो निको हुंदैन। यसको औषधि चाँडै गरिहाल्नुहोस्' भने। महादेवजी गौरी, बसाहा, सिंहहरूलाई लिएर कैलाश जानुभयो। पार्वतीसित भेट हुनेबित्तिकै 'हे पार्वती! यस नाकका व्यथाले साह्रै पीडा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दियो। मेरो ज्यू झिर्न पाऱ्यो, अब चाँडो उपाय गरिदेऊ' भनी महादेवको आज्ञा हुँदा, पार्वतीले बिन्ती गरिन्- हे ईश्वर! नरलोकमा धेरै दिनसम्म भुली यहाँ नआउँदा मैले गौरीगाई, बसाहा र सिंहहरूलाई पठाएर पनि पाल्नुभएन, केही पीडा दिए मात्र आउनुहोला भनी काखीको रौं उखेली पीनास बनाई पठाएथें। उही पीनासले चरणलाई दुःख दिएको हो, अब केही चिन्ता गर्नु पर्दैन, म निको गरिदिन्छु भनी श्रीमहादेवका नाकमनि दुइ हात थापी पार्वतीले- 'हे पीनास! बाहिर निक्ली' भन्दा पीनास बाहिर निस्क्यो। महादेवजी आनन्द र अचम्म मानी मलाई यस पीनासले यस्तो पीडा दियो भने नरलोकमा कस्तो गर्ला?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई छाड़न हुँदैन भनी वाचा बाँधी वाचाको बन्धन गरी राख्नुपर्छ, लौ बोलाउ भन्दा पार्वतीले पीनासलाई बोलाई श्रीमहादेवका अगाडि राखिदिंदा पीनासले 'अब म कहाँ बसुँ? के खाउँ?' भनी बिन्ती गर्दा- 'हे पीनास! मर्त्यलोकमा ठाउँ खोजी बस्। मनुवाको खकार र सिङ्गनहरू खाई बस्नू। मनुवाले तँलाई केही पीडा दिए मात्र तैंले पीडा दिनू। मनुवाले केही पीडा नदिई अघिबाटै तैंले पीडा दिइस् भने तँलाई ब्रह्महत्या, गोहत्या लाग्ला' भनी वाचा बँधाई महादेवले पीनासलाई मर्त्यलोकमा पठाई दिनुभयो। पीनासले बस्ने ठाउँ तलास गर्दा पाटनपुरमा अनिरुद्र पाँडेको रछानका किनारमा चारपाटे ठूलो दुङ्गा रहेछ, तेसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढुङ्गामा अनिरुद्र पाँडे स्नान गर्दा रहेछन्। पीनासले मेरो जीविका होला भनी तेसै ढुङ्गा भित्र पसी ठाउँ बनाई पाँडेको मयल, सिङ्गान, खकार-खाई रहे। रहँदा बस्ता पीनासको विशासय जहान भएछन्। एक दिन अनिरुद्र पाँडेले तातो पानीले स्नान गर्दा तातो पानी ढुङ्गा भित्र पस्ता पीनासका जहान र पीनासको दूर दुहाई भयो। तब पीनास कराउनलाग्यो- 'हे पाँड़े! तिम्रो विराम मैले केही गरेको थिइनँ, विहकमा मेरा लालाबाला, परिवार भस्म गरी मारीदियौ। म पनि तिम्रा जहान भस्म गरी मारी दिन्छु' भनी गाईका थुन भित्र पसी दूधमा विष छोडिदियो। त्यो दूध (गोरस) खाई पाँडेका जहान भस्म भई मरेछन्। सोही विरहले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनिरुद्र पाँडे दहीको ठेकी र च्यूरा समेत हातमा लिई परदेश जाँदा भए। जाँदा-जाँदा बाणगङ्गाका किनारमा पुगी नुहाउन दहीको ठेकी क्यामुनाका रूखमा झुण्ड्याई यताउति हेर्दा जसु चाण्डाल बाख्रा चराउँदो रहेछ। अनिरुद्रले- 'हे जसु! दहीको ठेकी क्यामुनाका रूखमा झुण्ड्याएको छ, सो हेरिदिए है भनी नुहाउन गए। त्यसै बीचमा पीनास पछि-पछि आई दही का ठेकी भित्र पसी यो पाँडेका जहान भस्म पारी सकें। अब यो दही खान्छ, यो पाँडे पनि मर्दछ भनी पीनासले कुरा गर्दा जसु चाण्डालले सुनेछ। अनिरुद्र पाँडे स्नान-सन्ध्या गरी दही-च्यूरा खाउँ भनी दहीका ठेकीमा हात लाँदा जसु चाण्डालले- 'हे पाँडेज्यू! त्यो दहीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Public Domain. Digitization by eGangotri

ठेकी भित्र विषालु किरो बोल्दछ। त्यो दही न खाउ, यदि खायौ भने तिमी अवश्य मर्छौ। बरू त्यो ठेकी आगामा हाली देउ' भन्यो। तब अनिरुद्र पाँडेले आगो फुकी त्यो दहीको ठेकी आगामा हालिदिए। त्यो ठेकी तात्तेबित्तिकै पीनास कराउनलाग्यो। तिम्रा जहान मार्ने शत्रु किरो यही हो भनी जसु चाण्डालले भन्यो। अनिरुद्र पाँडेले पनि 'मेरा जहान भस्म पारी मारिस्, अझ मलाई पनि मार्न भनी मेरा पछि-पछि आएको शत्रु! अब परिस् फेला, तँलाई पनि मार्दछु' भन्दा पीनास भन्छ- 'हे पाँडेजी! तपाईंको स्नान गर्ने ठूलो चारपाटे ढुंगा भित्र पसी बस्ने ठाउँ बनाई तपाईंकै मयल खाई मेरा जहान विशासय पाली बसेको थिएँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन तपांईले तातो पानीले स्नान गरी बाँकी रहेको पानी ढुंगा भित्र फ्याँक्का मेरा जहान सबै मरे। विहकमा मेरा जहान माऱ्यौ, तिम्रा जहान पनि मार्छु भनी मारेको साँचो हो। मैले बिराएँ। अब म तपाईंका शरणमा परें' भनी पीनासले बिन्ती गर्दा अनिरुद्र पाँडेले उसो भए तँलाई वाचा बाँधी छाड्दछु, बाँधेको वाचा नाघिस् भने तँलाई ब्रह्म-हत्या, गो-हत्या पाप लाग्ला भनी वाचा-वाचा-वाचा तीन तेवाली वाचा बाँधी राखे। यो कथाको साछी- जसु चाण्डाल १, क्यामुनाको रूख २, बाणगङ्गा ३, दहीको ठेकी ४, अग्नि ५, अनिरुद्र पाँडे ६। अब अनिरुद्र पाँडे को दुहाई। पीनासको दोहोलो भयो, दोहोलो भयो, दोहोलो भयो।

समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



THANK YOU
VISIT AGAIN
Rs. 20...

रत्न पुस्तक भण्डार, काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal